CRO Regd. No.: 119118/070/071

PAN: 601799215

# नाडेप लघुवित्त वित्तीय संस्था लि.
# NADEP Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रियस्तरको संस्था)

चलानी नं ६३१/२०७७/७८

मिति २०७७/०९/१५

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

विषय: प्राप्ति सम्बन्धी समझदारी (MOU) को जानकारी सम्बन्धमा ।

महोदय,

उल्लेखित विषयमा चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं १० भरतपुरमा रजिष्टर्ड कार्यालय रहेको **हिम्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड** ले धादिङ्ग जिल्ला, गजुरी गाउँपालिका वडा नं १ गजुरीमा रजिष्टर्ड कार्यालय रहेको **नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड** लाई प्राप्ति (एक्विजिशन) गर्नको लागि मिति २०७७ पौष १५ गते दिनको ४:३० बजे प्राप्ति (एक्विजिशन) सम्बन्धी समझदारी (MOU) पत्रमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएकोले यस नाडेप लघुवित्त वित्तीय संस्थाको शेयर कारोवार मिति २०७७।९।१६ गते देखि रोक्का राखी शेयर रोक्का पत्र उपलब्ध गराईदिनहुन अनुरोध गर्दछौं ।

भवदीय,

बाबुराम सुवेदी
कम्पनी सचिव

वोधार्थ :
श्री नेपाल धितोपत्र वोर्ड
जावलाखेल, ललितपुर ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर काठमाडौं ।

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने सम्बन्धी भएको समझदारी पत्र सम्बन्धमा

## प्रेस विज्ञप्ती

लघुवित्त क्षेत्रमा देखा परेको दोहोरो प्रतिस्पर्धा घटाउन एवं धेरै लघुवित्त वित्तीय संस्थाहरूले एउटै सदस्यलाई लगानी गरेको कारणले सृजना भएको अवस्था र यसले अर्थतन्त्रमा पार्न सक्ने दूरगामी प्रभावलाई विश्लेषण गर्दै एक सबल र सक्षम लघुवित्त वित्तीय संस्थाको रूपमा स्थापित भई ग्राहक सदस्यहरूलाई प्रदान गर्ने सेवा, सुविधा तथा सहुलियतहरूमा अभिवृद्धि गरी दिर्घकालसम्म स्तरीय लघुवित्त सेवा प्रदान गर्नको लागि आ.व.२०७७/०७८ को मौद्रिक नीति, नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्र प्राप्त ''घ'' वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन तथा बैक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्ने नीति अनुरूप डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्नको लागि प्रारम्भिक समझदारी पत्रमा आज मिति २०७७ पौष १५ गते हस्ताक्षर भएको छ ।

चितवन जिल्लाको भरतपुरमा केन्द्रीय कार्यालय रही देशका ७१ जिल्लामा १२३ शाखा कार्यालयहरू मार्फत करिव २ लाख २२ हजार भन्दा बढी विपन्न सदस्यलाई लघुवित्त सेवा प्रदान गर्दै आएको डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको चुक्ता पुंजी रू.१ अर्व ५४ लाख रहेको छ भने धादिङ्ग जिल्लाको गजुरीमा केन्द्रीय कार्यालय रहेको नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको चुक्ता पुंजी रू.४० करोड ४८ लाख रहेको र देशका ४६ जिल्लामा ७८ शाखा कार्यालयहरू मार्फत ८० हजार भन्दा बढी सदस्यहरूलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ ।

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड र नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको लगानीमा रहिरहेको कर्जा रकम क्रमशः रू. १३ अर्व ८३ करोड र रू.४ अर्व ५४ करोड रहेकोमा प्राप्ति पश्चात जम्मा रू.१८ अर्व ३७ करोड हुनेछ भने वचत तर्फ डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको रू.५ अर्व ६२ करोड र नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको रू.१ अर्व ५४ करोड समेत गरी जम्मा रू.७ अर्व १६ करोड कायम हुनेछ ।

दुई वित्तीय संस्था एक भए पश्चात लघुवित्त वित्तीय संस्थाको क्षेत्रमा, एउटा सबल, सक्षम र नेतृत्वदायी लघुवित्त वित्तीय संस्थाको रूपमा स्थापित भई अग्रणी लघुवित्त वित्तीय संस्था बन्ने र ग्राहक सदस्यहरूलाई स्तरीय सेवा प्रदान गर्नुका साथै शेयरधनीहरूलाई समेत थप प्रतिस्पर्धात्मक प्रतिफल दिन सक्षम हुने विश्वास लिईएको छ ।

प्राप्ति सम्बन्धी समझदारी पत्रमा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट अध्यक्ष श्री दिपक खनाल र नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट अध्यक्ष श्री पिताम्बरप्रसाद आचार्यले हस्ताक्षर गर्नु भएको छ । साथै श्री रमेशकुमार रघुवंशीको संयोजकत्वमा श्री नरेशमान प्रधान, श्री हरिकृष्ण सुवेदी र श्री वेदप्रसाद सिवाकोटी सदस्य रहनु भएको सयुक्त प्राप्ति (एक्विजिशन) समिति गठन गरेर आजैका मितिदेखि लागु हुने गरी आज दिनको ४:३० बजे समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

(शेषरमण आचार्य)
प्रमुख कार्यकारी अधिकृत
डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड

(उपेन्द्रबहादुर कार्की)
प्रमुख कार्यकारी अधिकृत
नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड

मितिः २०७७ पौष १५गते, बुधवार दिनको ४:३०बजे ।